बैठक संख्या :- १०६
मिति :- ०७८।०८।२९ गते बुधवार
समय :- मध्यान्ह : १.०० बजे

कमलामाई नगरपालिका नगर प्रमुख श्री खड्ग बहादुर खत्रीज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बस्यो ।

## उपस्थिति

| | |
|---|---|
| श्री खड्ग बहादुर खत्री | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | उप प्रमुख |
| श्री महेश खतिवडा | वडाअध्यक्ष -१ |
| श्री नवराज थिङ | वडाअध्यक्ष -२ |
| श्री खड्ग प्रसाद चौलागाई | वडाअध्यक्ष -३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडाअध्यक्ष -४ |
| श्री पूर्ण बहादुर खड्का | वडाअध्यक्ष -५ |
| श्री उज्ज्वल कुमार थापा | वडाअध्यक्ष -६ |
| श्री कर्ण बहादुर घिसिङ | वडाअध्यक्ष -७ |
| श्री टिका बहादुर मुक्तान | वडाअध्यक्ष -८ |
| श्री देवराज पौडेल | वडाअध्यक्ष -९ |
| श्री रामहरी ढुङ्गेल | वडाअध्यक्ष -१० |
| श्री राम बहादुर थिङ | वडाअध्यक्ष -११ |
| श्री ललित बहादुर आले | वडाअध्यक्ष -१२ |
| श्री किरण माझी | वडाअध्यक्ष -१३ |
| श्री जितलाल अधिकारी दनुवार | वडअध्यक्ष -१४ |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री कान्ता ढकाल | कार्यपालिका सदस्य |
| श्री रुद्र कुमारी कार्की | कार्यपालिका सदस्य |
| श्री पदम कुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री सुनिता सार्की | कार्यपालिका सदस्य |
| श्री केशर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री झौला अधिकारी दनुवार | कार्यपालिका सदस्य |
| श्री नरेश विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री विशकसेन ढकाल | सचिव (प्र.प्र.अ.) |

**निर्णय नं** :- १ आर्थिक वर्ष २०७७/७८ मा स्थापना भएको बाख्राको साना व्यावसायिक कृषि उत्पादन (पकेट ) विकास कार्यक्रमलाई निरन्तरता अन्तर्गत प्राप्त सर्शत बजेटको सम्बन्धमा म्यानुअल अनुसार गठित प्राविधक समितिको स्थलगत अनुगमन प्रतिवेदनका आधारमा गत वर्ष सम्झौता भै कार्यक्रम संचालन गरेको कमलामाई नगरपालिका वडा नं ११ र १२ मा गठित सुनौलो विहानी कृषि उद्यमशील सहकारी संस्थाको हाल सम्मको कार्य राम्रो देखिएकाले उक्त सहकारी संस्थालाई सोही क्षेत्रमा पकेट कार्यक्रम संचालनका लागि निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं** :- २ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत आर्थिक वर्ष २०७८/७९ मा कमलामाई नगरपालिकाको सशंत बजेटमा विनियोजन भै प्राप्त भएको बाख्राको साना व्यावसायिक कृषि उत्पादन (पकेट) विकास कार्यक्रम संचालनका लागि कमलामाई नगरपालिकाले पकेट क्षेत्र छनोटका लागि मिति २०७८/०६/१४ गते सूचना प्रकाशन गएिकोमा चदाहा कमला कृषि समूह कमलामाई नगरपालिका वडा नं. १३ ले परियोजना म्यानुअल अनुसूचि ६ र ७ मा तोकिए बमोजिम निवेदन दिएको र सो सम्बन्धमा कृषि समितिबाट गठित प्राविधिक समितिले मिति २०७८/०८/२७ गते गरेको स्थलगत अनुगमन प्रतिवेदन अनुसार कमलामाई नगरपालिका वडा नं १३ अन्तर्गत तपसिल बमोजिमको क्षेत्रलाई चार किल्ला प्रमाणित गरी बाख्राको पकेट क्षेत्र छनोट गर्ने निर्णय गरियो ।

तपसिल :

कमलामाई नगरपालिकाको वडा नं १३ को रुचानी क्षेत्रको पूर्वमा धोविने, पश्चिममा बेल्सिङ, उत्तरमा टोकले र दक्षिणमा कुदी क्षेत्र, परियोजना कार्यान्वयन म्यानुअल अनुसार गठित प्राविधिक समितिको मूल्यांकन प्रतिवेदन समेतको आधारमा उक्त तोकिएको पकेट क्षेत्र भित्रको चदाहा कमला कृषि समूह संग सम्झौता गरी कार्यक्रम संचालन गर्न निणय गरियो ।

**निर्णय नं** :- ३ आर्थिक वर्ष ०७८।०७९ मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार पशु विकास शाखा अन्तरगत कर्मचारी क्षमता अभिवृद्धि तालिम कार्यक्रम अन्तरगत कृतिम गर्भाधान तालिमका लागि सम्बन्धीत निकाय संग समन्वय गरि तालिममा पठाउने ।

**निर्णय नं** :- ४ आ.व. २०७८/०७९ को लागि कमलामाई नगरपालिका वडा नं. ०९ भिमानको इनारपानीमा प्रत्येक शुक्रबार लाग्ने हाट र कमलामाई नगरपालिका वडा नं.०६ मा प्रत्येक शनिबर लग्ने हाटको लागि दुई पटक सम्म सूचना आव्हान गर्दा पनि कोभिड १९को कारण हाटकर ठेक्का नलागेको हुँदा हाल उक्त स्थानमा हाट लाग्दै आएको कारण आ.व. २०७८/०७९ को पौष देखि आषाढ मसान्त सम्म को बाँकी अवधिको लागि आन्तरिक आय संकलन (ठेक्का वन्दोवस्त) कार्यविधि २०७५ को दफा ३ को उपदफा ४ (ग) बमोजिम सोझै वार्ताद्धारा तपशिलमा उल्लैखित व्यक्ति तथा संस्थालाई उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल :

क) आ.व.२०७८/०७९ को बाँकी अवधिको लागि कमलामाई न.पा. वडा नं. ०९ को इनारपानीमा प्रत्येक शुक्रबार लाग्ने हाटको लागि रु.१७५०००।- (एकलाख पचहत्तर हजार) मा सोही वडा निवासी विनेश पौडेल संग एकमुष्ठ ठेक्का सम्झौता गर्ने ।

ख) आ.व.२०७८/०७९का बाँकी अवधिका लागि कमलामाई न.पा. वडा नं.०८ मा प्रत्येक शनिवार लाग्ने हाटको लागि रु.३१००००।-(तीनलाख दश हजार) मा सिन्धुलीमाढी हाटबजार सञ्चालक समिति संग एकमुष्ठ रकम लिएर ठेक्का सम्झौता गर्ने ।

**निर्णय नं** :- ५ यस कमलामाई न.पा.संग कालिका- स्वच्छन्द- रान्केनज्वाइन्ट भेन्चरले मदनभण्डारी राजमार्ग(पश्चिम खण्ड) राष्टिय गौरवको आयोजनाका लागि आ.व. २०७८/०७९को लागि आवश्यक पर्ने ढुङ्गा,गिट्टी, बालुवा नदीजन्य निर्माण सामाग्री २५०० घ.मी. मिति २०७८/०८/०६को पत्रद्वारा माग गरिएको र मिति २०७८/०८/१९ यस कमलामाई नगरपालिका कार्यालय, सिन्धुलीको नाममा रहेको विभाज्य कोष खाता नं.१०६०१००३०६०१०००३ मा रु.७,९३,७००।- (सातलाख त्रियानब्बे हजार आठ सय) र मूल्य अभिवृद्धि कर बापत राजश्व शिर्षक नं. ३३३१७ मा रु.१,०३,१९४।-(एकलाख तीन हजार एक सय चौरानब्बे हजार) मात्र दाखिला गरिएको हुँदा उक्त कम्पनीलाई वडा नं. ०१ को मरिण खोला क्षेत्रबाट नदीजन्य निर्माण सामाग्री २५०० घन मिटर मध्ये हाल सम्म कालिका- स्वच्छन्द -रान्केन ज्वाइन्ट भेन्चरले उत्खनन् गरिएको परिमाण घटाइ बाँकी परिमाणको मात्र सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं** :- ६ यस कमलामाई नगरपालिका क्षेत्र भित्रका तपशिलमा उल्लेखित व्यक्तिहरुले घर वहालमा नरहेको भनि दिएको निवेदन अनुसार स्थलगत रुपमा निरिक्षण गर्दा निजहरुको घरभाडामा नरहेको पाईएकोले नगरपालिकाको घरभाडा रेकर्डबाट लगत कट्टा गरि दिने निर्णय गरियो ।

तपशिल :

| सि.नं. | नामथर | ठेगाना | करदता संकेत नं. | कैफियत |
|---|---|---|---|---|
| १. | श्री चन्दा गुरुङ | क.न.पा. ०५ | ०४-०९-००६० | २ तले घर माथिल्लो तला पुरै आफैले प्रयोग गरेको र तलको सबै कोठा खालि रहेको । |
| २. | श्री सुभाष साह | क.न.पा. ०६ | ०६-३०-०२२० | २ तले घर पुरै आफैले प्रयोग गरेको । |

**निर्णय नं** :- ७ यस कमलामाई नगरपालिका क्षेत्र भित्रका तपशिलमा उल्लेखित व्यक्तिहरुले घर वहालमा नरहेको भनि दिएको निवेदन अनुसार स्थलगत रुपमा निरिक्षण गर्दा निजहरुको घरभाडामा नरहेको पाईएकोले नगरपालिकाको घरभाडा रेकर्डबाट लगत कट्टा गरि दिने निर्णय गरियो ।

तपशिल

| सि.नं. | नामथर | ठेगाना | करदता संकेत नं. | कैफियत |
|---|---|---|---|---|
| १. | चन्दा गुरुङ | क.न.पा. ०५ | ०४-०९-००६० | २ तले घर माथिल्लो तला पुरै आफैले प्रयोग गरेको र तलको सबै कोठा खालि रहेको । |
| २. | सुभाष साह | क.न.पा. ०६ | ०६-३०-०२२० | २ तले घर पुरै आफैले प्रयोग गरेको । |

**निर्णय नं** :- ८ मिति २०७८।०८।१६ च.नं १२३ को जिल्ला समन्वय समिति,सिन्धुलीको प्राप्त पत्र अनुसार तत्कालिन जिल्ला विकास समिति,स्थानीय विकास कोष मार्फत द्वन्द पिडित परिवारहरुको लागि व्यवसाय संचालन गर्न उपलब्ध उपत्र ऋण सम्बन्धीत ऋणीहरुले कमालमाई नगरपालिकाको खातामा सावां दाखिला गरेमा जिल्ला मालपोत कार्यालय ,सिन्धुलीलाई तपसिल अनुसार जग्गा फुकुवा को लागि पत्राचार गर्ने र नगरपालिका को खातामा दाखिला गरेको रकम सम्बन्धमा पछि कुनै विशेष निर्णय भएमा सोही बमोजीम गर्ने गरी निर्णय गरियो ।

| सि.न. | ऋणीको नाम थर | साबिकको ठेगाना | ऋणको उद्धेश्य | कैफियत |
|---|---|---|---|---|
| १ | हर्क बहादुर खड्का | क.न.पा.१५ | उन्नत जातको गाई पालन | |
| २ | प्रेम बहादुर पोखरेल | क.न.पा.१५ | व्यापार | |
| ३ | महारानी माया खडका | क.न.पा.१५ | व्यापार | |
| ४ | अब्जे सार्की | क.न.पा.१५ | किराना पसल | |
| ५ | बुद्धिलाल कामी | महादेवस्थान ५ सिन्धुली | व्यापार | |
| ६ | भिम बहादुर राउत | बस्तिपुर ८ सिन्धुली | किराना पसल | |

**निर्णय नं** :- ९ रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड ,२०७६ को परिच्छेद ३ को नियम ६ बमोजिम तपसिल अनुसार पदपूर्ति समिति गठन गरि प्रधानमन्त्रि रोजगार संयोजकको लागि विज्ञापन आव्हान गर्ने निर्णय गरियो ।

पदपूर्ति समिति

१. संयोजक श्री सहायक प्रमुख जिल्ला अधिकारी श्री रिद्धि प्रकास सिटौला

२. विज्ञ सदस्य, पशु प्रमुख, श्री हिरालाल भण्डारी

**निर्णय नं** :- १० कार्यालयको पशु विकास शाखा अर्न्तगत अधिकृत स्तर छैठौ दरबन्दिमा लोक सेवा आयोगमा माग आकृति भरि पठाईएकोमा शाखामा अधिकृत पद रिक्त भई दैनिक कामकाज गर्न बाधा भएकोले पछि लोकसेवा आयोगबाट पदपूर्ति भए पछि स्वत: नरहने गरी पशु विकास अधिकृत छैठौ एक सेवा करार मा नियुक्ती गर्न को लागि विज्ञापन प्रकाशन गर्ने ।

**निर्णय नं** :- ११ कार्यालयको घर नक्सा शाखा मा कार्यरत इन्जिनियरले राजिनाम दिई उक्त शाखाका कामकाजमा बाधा भईरहेको हुदाँ इन्जिनियरिङ सेवा, सिभिल वा बिल्डीङ्ग एण्ड आर्केटेक समुह/उप समुह इन्जिनियर अधिकृत स्तर छैठौ तहमा लोक सेवा आयोगमा माग आकृति भरि पठाउने र पदपूर्ति भए पछि स्वत: नरहने गरी कार्यालयको मिति २०७८।०८।०९ को सदर टिप्पणी अनुसार विज्ञापन अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं** :- १२ आर्थिक वर्ष ०७८।०७९ मा नवीकरणीय उर्जा कार्यक्रम अन्तरगत वार्षिक बजेट रु आठ लाख मा नगरपालिकाको ग्रामिण क्षेत्रहरुमा चार लाखको सोलार बत्ति वडा नं. १,२,४,११ ,१२ र १३ र वडा न ७ मा रु. चार लाखको सुधारिएको चुलो कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं** :- १३ आगामी १० औ नगर सभा २०७८ पौष महिनाको अन्तिम साता संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं** :- १४ चालु आर्थिक वर्ष ०७९।०८० मा तपसिल अनुसार प्रदेश तथा सघमा कार्यक्रम माग गर्ने निर्णय गरियो ।

**निर्णय नं** :- १५ आर्थिक वर्ष ०७८।०७९ मा वागमिति प्रदेश सरकारवाट समपुरक कोषवाट संचालन गर्ने गरी स्वीकृत देहाय वमोजिमका योजनाहरुको ठेक्का प्रक्रियावाट कार्यान्वयन अगाडी वढाईएकोमा ठेक्का घटाघटवाट वचत हुन गएको रकमवाट सोही योजनामा पुन: ठेक्का प्रक्रिया अगाडी वढाउन वागमति प्रदेश समक्ष अनुमति माग गर्ने निर्णय गरियो ।

तपशिल:

१. केवरे - केरावारी - वाँसकटेरी सडक
२. एकपाखे - छतिवन सिर्के - तिनपाटान गाँउपालिका जोडने सडक
३. डांडाटोल - दोभान सडक वडा नं. १०

**निर्णय नं** :- १६ एकद्धारा संकट व्यावस्थापन केन्द्र सिन्धुलीमा कार्यरत घटना व्यवस्थापकका लागि पारिश्रमिक तथा पिडितको औषधि व्यवस्थापनका लागि सवै स्थानीय तहमा वजेट माग भए वमोजिम कमलामाई नगरपालिकाका लागि रु.१९९१००।- माग भएकोले उक्त रकम तोकिएका वजेट वाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं** :- १७ वैदेशिक रोजगार सम्वन्धी प्रोफाइंल निर्माण गर्ने संघीय शर्सत वजेट अपुग भई रु.२५००००।- प्राथमिकता तोकिएका योजना शीर्षकवाट वजेट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं** :- १८ कमलामाई नगरपालिका क्षेत्र भित्र रहेका विद्यालयहरुमा गत वर्षमा कार्यान्वयन भएका विद्यालयहरुलाई नगर आवासीय विद्यालय र नगर नमुना विद्यालय लाई नै निरन्तर दिने निर्णय गरियो ।

**निर्णय नं** :- १९  आगामि आर्थिक वर्ष ०७९।०८० मा संघीय सरकार समपुरक अनुदान तर्फ देहाय वमोजिमका योजनाहरु रु.२ करोड लागतका दरले सडक स्तर उन्नतीको लागि राष्ट्रिय योजना मा प्रस्ताव स्वीकृतका लागि पठाउने निर्णय र सो लागतको ५० प्रतिशत नगरपालिकावाट व्यहोर्ने गरी निर्णय गरियो ।

तपशिल :

१. सिलामे - वेल्टार सडक वडा नं. ५ र १
२. डाढी रिङ रोड वडा नं. १
३. निवुवाटार -मेनरोड -धामै वडा नं. २
३. पुरानो चौकी - आगे वडा नं. ३
५. माझीटार- डाडाँटोल वडा नं. ७

**निर्णय नं** :- २० आर्थिक वर्ष का लागि स्वीकृत आईई अनुसार ठेक्का वन्दोवस्त गर्नु पर्ने नदी खोलाहरुको पटक- पटक सूचना आव्हा गर्दा समेत ठेक्का नलागेका खोलानदीहरुको नदी जन्य पदार्थ उत्खनन विक्री गर्न पुन सात दिनको सूचना आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं** :- २१ आगामि आर्थिक वर्ष ०७९।०८० मा प्रदेश सरकारको समपुरक कोष अन्तर्गत प्रदेश सरकार मार्फत संघीय सरकारमा देहाय वमोजिमका योजनाहरु सिफारिस का लागि पठाउने निर्णय ।

तपसिल:

१. ढकाल गाँउ डाडा टोल देउराली सातपत्रे मल्लागाँउ हिरापानी जोडने सडक पिच क.न.पा. ४
२. क.न.पा.२  तारुफेदी  - भिमेश्वर ६ खुर्कोट वाकी खण्ड निर्माण

**निर्णय नं** :- २२ कमलामाई नगरपालिका भित्रका सार्वजनिक क्षेत्रमा हुन सक्ने प्रदुषण हरुमा सम्बन्धीत प्रदुषकहरुलाई निम्नानुसारको जरिवाना गर्ने निर्णय गरियो ,

क) सार्वजनिक स्थल(सडक, चौर पार्क) मा फोहोर (भौमिट व्याग) फाल्ने , दिसा गर्ने अन्य प्रकारका ठोस वा तरल प्रदुषक वस्तु फाल्ने) प्रदुषकलाई रु.१००।- दोहोरिएमा रु.२००।- जरिवाना ।

ख) निषेधित अवधिमा नदीमा कुनै प्रकारका प्रदुषण गर्ने प्रदुषकलाई रु.१००।- जरिवाना ।

ग) सडकमा माटो,वालुवा लगायत अन्य वस्तु खसाउने, झारेमा रु.१००।- जरिवाना ।

**निर्णय नं** :- २३ कोभिड - १९ को महामारी नियन्त्रणको लागि गरिएको वन्दावन्दीको कारणवाट भई रहेको पेशा ,व्यवासया वा श्रम गर्ने अवसर गुमाइ आर्थिक रुपमा विपन्न नागरिकको परिवारलाई नगद हस्तान्तरण कार्यको स्थलगत अनुगमन तथा सहजीकरण गर्ने देहाय अनुसारको स्थलगत अनुगमन तथा सहजीकरण गर्ने देहाय अनुसारको सदस्यहरु मनोनयन गर्ने निर्णय गरियो ।

समिति

१. श्री नरेश वि.क - सदस्य

२. श्री पदम कुमारी वस्नेत - सदस्य

**निर्णय नं** :- २४ तपसिलमा उल्लेखित पदहरुको पदपूर्तिको लागि बागमति प्रदेश लोक सेवा आयोग ,हेटौडामा माग आकृती फाराम पठाउने निर्णय गरियो ।

तपसिल

१. सिडिई - एक

२. सहायक चौथौ प्रशासन - दुई जना

३. सव इन्जिनियर चौथौ तह - चार जना

३. प्राविधिक सहायक कृषि सेवा पाचौ तह - दुई जना

४. कृषि सेवा लापोडेडे समुह चौथौं तह - एक

५. कृषि सेवा मत्स्य समुह सहायक पाचौ तह - एक

**निर्णय नं** :- २५ कमलामाई नगरपालिका क्षेत्र भित्र नेपाल स्वास्थ्यको लागि पानी (नेवा) भएको सम्झौता अनुसार आर्थिक वर्ष ०७८।०७९ मा समपुक कोष मा विनियोजन रकमवाट तपसिलमा उल्लेखित अनुसार का योजनाहरुलाई नगरपालिकाले व्यहोंने रकमवाट अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :

| सि.न. | योजनाको नाम | नगरपालिकावाट व्यहोंन रकम रु. |
|---|---|---|
| १ | फलामे डहर खा.पा योजना वडा न.१२ | ४०४३४०।- |
| २ | वेसारे निगुरे खा.पा.योजना वडा नं ११ | ४५०६३०।- |
| ३ | वाझे खा.पा. योजना वडा न. १२ | ४००६३२।- |
| ४ | झाकीडाडा खा.पा.योजना वडा नं.१२ | ५०१९१२।- |

**निर्णय नं** :- २६ निम्न अनुसार घ वर्गको ईजाजत प्रमाण पत्र दिने निर्णय गरियो ।

१. श्री जलकन्या कन्स्ट्रक्शन एण्ड सप्लायर्स क.न.पा .३

२. श्री साङवाले कन्स्ट्रक्शन एण्ड सप्लायर्स क.न.पा ४

३. प्राग्वो कन्स्ट्रक्शन प्रा.ली क.न.पा .६

४. विर विर गणेश कन्स्ट्रक्शन प्रा.ली क.न.पा. ६ (ठाँउ सारी )

**निर्णय नं** :- २७ कमलामाई नगरपालिका वडा नं. १० निवासी सोम वहादुर मगरको यहि २०७८ आषाढ महिना परेको अविरल वर्षादको कारणले गर्दा वसोवास गर्दे भुकम्प प्रतिरोधात्मक तिन कोठे

पाक्क भवन आगन मुनवाट पाहरा गइ घर को अवस्था वस्न नहुन भएका कारणल नया घर निमाण गर्नको लागि दैवी प्रकोप शिर्षकवाट रु. तिन लाख सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय न.** : – २८ कमलामाई नगरपालिका क्षेत्र भित्र रहेका माध्यमिक विद्यालयहरुलाई शैक्षिक भ्रमण वापत रु १५०००।- उपलब्ध गराउने ।

**निर्णय नं.** : – २९ कमलामाई नगरलपालिका वडा नं १० चालु आर्थिक वर्षमा परेको वर्षाद वाट घर क्षति हुन पुगि त्रिपाल उपलब्ध गराईएको विल अनुसार रु.२१६००।- दैवी प्रकोप शिर्षकवाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं** :- ३० तपशिलमा उल्लेखित अनुसार आर्थिक सहायता वापत रकम उपलब्ध गराउने ।

| सि.न. | नाम,ठेगाना | रकम | शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | सुनिता श्रेष्ठ कनपा ७ वासकटरी | २००००।- | विपद कोष | |
| २ | राम प्रसाद चालिसे वाड न. १० | १००००।- | विपद कोष | |
| ३ | योग विर विक वडा न [illegible] | २००००।- | विपद कोष | |
| ४ | परम शिला चौधरी वडा न. ५ | २००००।- | विपद कोष | |
| ५ | जानुका विश्वकर्मा वडा नं १ | २००००।- | विपद कोष | |
| ६ | सुकमाया वि.क वडा न. १ | २००००।- | विपद कोष | |
| ७ | मगला देवी श्रेष्ठ वडा नं १२ | २५०००।- | विपद कोष | |
| ८ | ईन्द्र वहादुर धलान वडा नं ११ | २००००।- | विपद कोष | |
| ९ | कोकिल देवकोटा वडा न ४ | १५०००।- | विपद कोष | |
| १० | किसान घलान क.न.पा ११ | १५०००।- | विपद कोष | |
| ११ | यज्ञ प्रसाद गौतम वडा नं .३ | २५०००।- | विपद कोष | |
| १२ | गणेश वहादुर श्रेष्ठ वडा नं. ३ | १५०००।- | विपद कोष | |
| १३ | हेम वहादुर खडका वडा नं १ | ५००००।- | विपद कोष | |
| १४ | रामजी पाखेरले वडा न ४ | १५०००।- | विपद कोष | |
| १५ | वेग वहादुर सुनुवार क.न.पा १० | १५०००।- | विपद कोष | |
| १६ | गंगा कुमारी पहाडी क.न.पा ९ | १५०००।- | विपद कोष | |
| १७ | देवी देवकोटा वडा नं. १३ | १५०००।- | विपद कोष | |
| १८ | रुका कार्की वडा नं. १० | २५०००।- | विपद कोष | |
| १९ | गगां कार्की वडा न. ११ | २५०००।- | विपद कोष | |
| २० | यम वहादुर खत्रि वडा नं. १३ | २५०००।- | विपद कोष | |